**नेपाल सरकार**

**सामान्य प्रशासन मन्त्रालय**

## प्रेस विज्ञप्ति

तेह्रौं निजामती सेवा दिवस, २०७३, "सेवामैत्री प्रशासनः संघीयतामा सुशासन" भन्ने मूल नाराका साथ भब्य रुपमा मनाउने सन्दर्भमा आज मिति २०७३ असोज १२ गते उक्त अवसरमा सम्मानित हुनुहुने सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान प्रदान गर्ने तथा निजामती सेवा दिवसको अवसरमा आयोजित निवन्ध प्रतियोगिता र विभिन्न खेल प्रतियोगिताका बिजयी निजामती कर्मचारीहरुलाई पुरस्कार वितरणको कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता नेपाल सरकारका मुख्यसचिव एवं निजामती सेवा दिवस मूल समारोह समितिका संयोजक डा. सोमलाल सुवेदीले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बुढाथोकीले गर्नु भएको थियो । नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायका सचिवहरु, सेवा निवृत्त राष्ट्र सेवकहरु, ट्रेड यूनियनका प्रतिनिधिहरु लगायत निजामती कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यममा उपस्थित महानुभावहरुलाई सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईले स्वागत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा विभिन्न ५० जना सेवा निबृत्त कर्मचारीहरुलाई सम्मानित गरिएको थियो । त्यसैगरी कार्यक्रममा निजामती सेवा दिवसको अवसरमा आयोजित निवन्ध प्रतियोगिता, मुख्यसचिव एघार तथा ट्रेड यूनियन एघारबीच भएको मैत्रीपूर्ण फूटवल प्रतियोगिता, महिला तथा पुरुष दौड प्रतियोगिताका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा आधिकारिक ट्रेड युनियनको अध्यक्ष पुन्य प्रसाद ढकाल र सम्मानित हुनुहुने सेवा निवृत्त राष्ट्र सेवकको तर्फबाट पूर्व सचिव खेमराज नेपालले आफ्नो भनाईहरु राख्नु भएको थियो । त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि एवं सामान्य प्रशासन मन्त्री माननीय केशव कुमार बुढाथोकीले मन्तव्यको क्रममा सम्मानित हुनुहुने सेवा निवृत्त राष्ट्रसेवकहरुलाई बधाइ दिंदै वहाँहरुको अनुभव र विज्ञताको उपयोग गरिने बताउनु भयो । वहाँले संघीयतामा प्रशासन पुनः संरचनाको कामलाई महत्व दिई अगाडि बढ्नुपर्ने आवश्यकता रहेको समेत औंल्याउनु भयो । जनतालाई प्रदान गरिने सेवा प्रवाह नै हाम्रो मुख्य उद्धेश्य हुनुपर्नेमा जोड दिदै निजामती सेवामा रहेका ट्रेड यूनियन लगायत सबैबाट रचनात्मक सुझावहरुको सदैव स्वागत गरिने समेत बताउनु भयो । कार्यक्रमको अन्तमा आफ्नो मन्तब्य राख्दै कार्यक्रमका अध्यक्ष एवं नेपाल सरकार मुख्यसचिव डा. सोमलाल सुवेदीले संघीयता कार्यान्वयन र प्रशासन पुनःसंरचनाको महत्वका साथ अगाडी बढाउनु पर्नेमा जोड दिंदै हालै शुरु गरिएको सहसचिवहरुको कार्यदललाई सबै क्षेत्रबाट सहयोग गरी सफल बनाउनुपर्ने बताउनु भयो।

कार्य्रकमको संचालन सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री गोमा चेम्जोङ्गले गर्नु भएको थियो ।

२०७३।६।१२
[सूचना प्रवक्ता]